# प्राथमिक तहमा सामाजिक अध्ययन विषयको शिक्षणमा स्थानीय शैक्षिक सामग्री प्रयोगको अवस्था

शिक्षाशास्त्र सङ्काय स्नातकोत्तर तह, दोस्रो वर्ष पाठ्यक्रम तथा मूल्याङ्कन
विशिष्टिकरण विषयको आंशिक आवश्यकता
पुरा गर्नको लागि प्रस्तुत
शोध-प्रतिवेदन


शोधकर्ता
कमल प्रसाद न्यौपाने
परीक्षा रोल नं. : २८००५४/०६६
त्रि.वि. दर्ता नं ९-२-५९-१०५-२००१



त्रिभुवन विश्वविद्यालय
शिक्षाशास्त्र केन्द्रीय विभाग
(पाठ्यक्रम तथा मूल्याङ्कन शिक्षण विभाग)
कीर्तिपुर, काठमाडौं


२०६८

**सिफारिस पत्र**

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र केन्द्रीय विभाग कीर्तिपुर, काठमाडौं स्नातकोत्तर तह दोस्रो, वर्ष पाठ्यक्रम तथा मूल्याङ्कन विशिष्टिकरण विषयका छात्र कमल प्रसाद न्यौपानेले मेरो प्रत्यक्ष निर्देशनमा रही "प्राथमिक तहमा सामाजिक अध्ययन विषयको शिक्षणमा स्थानीय शैक्षिक सामग्री प्रयोगको अवस्था" शीर्षकमा आवश्यक शोध-प्रतिवेदन तयार गर्नुभएकोले उहाँको लेखनकार्यमा सन्तुष्ट छु। त्यसैले आवश्यक मूल्याङ्कनको लागि सिफारिस गर्दछु।

............................

शोध निर्देशक

देवीप्रसाद भट्टराई

उप-प्राध्यापक

मिति : २०६८/०१/२१

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र केन्द्रिय विभाग कीर्तिपुर स्नातकोत्तर तह  दोस्रो वर्ष पाठ्यक्रम तथा मूल्याङ्कन विशिष्टिकरण विषयको छात्र कमल प्रसाद न्यौपानेले "प्राथमिक तहमा सामाजिक अध्ययन विषयको शिक्षणमा स्थानीय शैक्षिक सामग्री प्रयोगको अवस्था" शोध शीर्षकमा शोध प्रतिवेदन तयार गरी आवश्यक मूल्याङ्कन गर्न स्वीकृतिका साथ यस समितिमा पेश गरिएकोमा स्वीकृति प्रदान गरिएको छ ।

| **मूल्याङ्कन समिति** | **हस्ताक्षर** |
|---|---|
| सह. प्रा. नारायण बस्नेत<br>(विभागीय प्रमुख) | ............................... |
| उप. प्रा. देवीप्रसाद भट्टराई<br>(शोध निर्देशक) | ............................... |
| उप. प्रा. किरणराम रञ्जितकार<br>(बाह्य परिवेक्षक) | ............................... |

मिति : २०६८/०१/२७

## कृतज्ञता ज्ञापन

प्रस्तुत "प्राथमिक तहको सामाजिक अध्ययनका विषयको शिक्षण स्थानीय शैक्षिक सामग्री प्रयोगको अवस्था" नामक शीर्षकको शोधपत्रको प्रस्तावना लेखन कार्यदेखि प्रदिवेदन लेखनकार्यसम्म आफ्नो अमूल्य सहयोग, सल्लाह, सुझाव एवम् निर्देशनका साथै हौसला र प्रेरणा प्रदान गर्नु हुने आदरणीय गुरु उप. प्राध्यापक देवीप्रसाद भट्टराई ज्यूप्रति हार्दिक आभार प्रकट गर्दछु ।

यसैगरी खोज अनुसन्धानमा प्रेरणा जगाउने तथा अनुसन्धान गर्न अवसर प्रदान गर्नुहुने शिक्षाशास्त्र संकाय, पाठ्यक्रम तथा मूल्याङ्कन विभागका विभागीय प्रमुख सह-प्राध्यापक नारायण बस्नेत ज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । साथै मलाई स्नातकोत्तर तहमा अध्यापन गरी प्रस्तुत अनुसन्धान कार्य गर्न सक्षम बनाउनुहुने गुरुज्यूहरू प्रा.डा. तीर्थराज पराजुली, प्रा.डा. प्रेम नारायण अर्याल, उप-प्राध्यापक किरणराम रञ्जितकार, उप-प्राध्यापक शिवराज बढू उप. प्राध्यापक यशोधारा पन्त, उप-प्राध्यापक विश्ववाला थापा र शिक्षण सहायक चोलाकान्त घिमिरे प्रति हार्दिक आभार व्यक्त गर्दछु ।

शोधपत्र तयार पार्ने क्रममा आवश्यक सूचनाहरू उपलब्ध गराउनु हुने सम्बन्धित विद्यालयहरूका प्र.अ., शिक्षक, एवम् विद्यार्थीप्रति हार्दिक आभार व्यक्त गर्दछु । यसका साथै प्रस्तुत अध्ययन अनुसन्धानका लागि तथा आवश्यक रूपमा उच्च शिक्षा हाँसिल गराउन सम्पूर्ण सहयोग गर्नुहुने श्रद्देय मातापिता श्री नृप न्यौपाने र टिका न्यौपाने ज्यूप्रति आभार व्यक्त गर्न चाहन्छु । उच्च शिक्षा हासिल गर्ने क्रममा निरन्तर आवश्यक प्रेरणा र हौसला प्रदान गर्ने जीवन साथी श्रीमती दुर्गा आचार्य र छोराहरू दिपेन्द्र न्यौपाने र किरण न्यौपानेलाई पनि धन्यवाद दिन चाहन्छु । यसैगरी अनुसन्धानका क्रममा आवश्यक सहयोग प्रदान गर्नुहुने साथीहरू नवीन कुमार श्रेष्ठ, कृष्णानन्द भट्ट, कोपिला खतिवडा, पवन राई, नन्दा चन्द, जानकी ओझा, नरेन्द्र जोशी, जगदिश न्यौपाने, करुण कडायत, मोहन साउद, डवल जोशी, शेर सिंह कार्की, कृष्ण भण्डारीलाई धन्यवाद ज्ञापन गर्दछु ।

शोधपत्रलाई टंकन एवम् फोटोकपी, व्यान्डीङ् गरी आवश्यक सहयोग पुऱ्याउनु हुने सुनेश फोटोकपी एण्ड कम्प्युटर, पाँगाका श्री सुनेश श्रेष्ठ तथा नरेश महर्जनप्रति हार्दिक आभार प्रकट गर्दछु, अन्तमा शिक्षाशास्त्र संकाय पाठ्यक्रम तथा मूल्याङ्कन विभागका सम्पूर्ण परिवारलाई हार्दिक धन्यवाद एवम् कृतज्ञता ज्ञापन गर्दछु ।

कमल प्रसाद न्यौपाने

# शोधसार

सामाजिक अध्ययन विषयको धारणाले समाजका प्रत्येक व्यक्तिलाई मानवीय, जिम्मेवार, विवेकशिल क्षमतावान र असल नागरिक भई जीवनयापन गर्न सक्ने खालका विषयवस्तुहरू समावेश गरी प्रयोगात्मक शिक्षण सिकाइ क्रियाकलाप गराउन अभिप्रेरित गरेको छ । यस विषयले प्रत्यक्ष रूपमा समाजका विविध पक्षहरूसँग सम्बन्ध कायम गरी सिकाइ अग्रसरलाई बल पुऱ्याउँदछ । त्यसैले सामाजिक वातावरणमा भएका, प्राकृतिक वातावरणमा भएका चिज, वस्तु र व्यक्ति लाई विषयवस्तुका आधारमा चित्र, नमूना, ठोस वस्तु, स्थलगत भ्रमण र श्रोत व्यक्ति जस्ता स्थानीय स्तरमा उपलब्ध हुने सामग्रीहरूलाई प्रयोगमा ल्याई कठिन धारणालाई स्पष्ट पार्नुपर्दछ ।

"प्राथमिक तहको सामाजिक अधययन विषयको शिक्षणमा स्थानीय शैक्षिक सामग्री प्रयोगको अवस्था" शीर्षकमा गरिएको यस अध्ययनमा स्थानीय शैक्षिक सामग्री सम्बन्धमा सरोकारवालाको धारणाको लेखाजोखा, स्थानीय शैक्षिक सामग्री प्रयोगको अवस्था, स्थानीय शैक्षिक सामग्री प्रयोगसम्बन्धी समस्या र अपनाइएका समाधानका उपायहरूलाई पहिचान गर्नु रहेको थियो । यस अध्ययनमा स्थलगत सर्वेक्षण गरी वर्णनात्मक ढाँचाको प्रयोग गरियो । यो अध्ययनका लागी डोटी जिल्ला दिपायल सिलगढी नगरपालिका अन्तर्गत रहेका सामुदायिक विद्यालयहरूमध्ये ४ वटा विद्यालयको प्राथमिक तह छनोट गरी उत्तरदाताहरूमा ४ वटै विद्यालयका प्राथमिक तहको सामाजिक अध्ययन विषय पढाउने शिक्षक, कक्षा ५ का विद्यार्थी, र प्र.अ.लाई समावेश गरिएको थियो । यस अध्ययनका औजारहरूमा अन्तर्वार्ता प्रश्नावली, खुल्ला प्रश्नावली, अवलोकन र लक्षित समूह छलफल विधिको प्रयोग गरिएको थियो । यो अध्ययन मिश्रीत अध्ययन ढाँचामा आधारित रहेको छ ।

यस अध्ययन प्राथमिक तहको सामाजिक अध्ययन विषय शिक्षणमा विभिन्न स्थानीय स्रोत साधन प्रयोग गरी शिक्षण गर्नुपर्ने देखियो तर प्रभावकारी ढंगबाट स्थानीय शैक्षिक सामग्रीको प्रयोग भएको देखिदैन । स्थानीय शैक्षिक सामग्रीमा वातावरणमा पाइने स्थानीय शैक्षिक सामग्री-मानवनिर्मित, मानवीय स्रोत, शिक्षक विद्यार्थीको संयुक्त प्रयासमा निर्मित स्थानीय शैक्षिक सामग्री प्रयोगको अवस्था सामाजिक विषयका विषयवस्तु अनुरूप केही मात्रामा मात्र प्रयोग गरिएका तर विषयवस्तुको आवश्यकता अनुसार प्रयोगमा ल्याइएको देखिँदैन । त्यसैगरी स्थानीय शैक्षिक सामग्री प्रयोगमा शिक्षकमा आवश्यक तालिमको अभाव, विद्यालयको आर्थिक श्रोतको अभाव, व्यवस्थापनमा असक्षमता, पाठ्यक्रमको सहि प्रयोग नहुनु, योग्य र दक्षता प्राप्त शिक्षक नहुनु जस्ता समस्याका कारणले स्थानीय शैक्षिक सामग्री प्रयोगमा समस्याहरू रहेको देखिन्छ । यी र यस्तै समस्याहरू समाधान गर्न तालिममा जोड दिइएको,

व्यवस्थापन र निरीक्षणमा सहयोग गरेका, योजना निर्माण गर्ने प्रयास भएको भौतिक स्रोत साधनको अधिकतम उपयोग र पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गरी ती समस्याहरू समाधान गर्ने उपायहरू अपनाएको देखिन्छ ।

यसरी यस्ता समस्या समाधान गरी स्थानीय शैक्षिक सामग्री प्रयोग गरी प्रभावकारी ढंगले शिक्षण सिकाइ गर्ने विभिन्न तालिमको व्यवस्था गर्नुपर्ने, आर्थिक लगानीमा वृद्धि गर्नुपर्ने, योजनाबद्ध शिक्षणमा जोड दिनुपर्ने, शिक्षक स्वयम्‌मा जिम्मेवारी वोध हुनुपर्ने देखिन्छ । यस्तो गर्न सकेको खण्डमा मात्र प्राथमिक तहको सामाजिक अध्ययन विषयको शिक्षणमा स्थानीय शैक्षिक सामग्रीको प्रयोग प्रभावकारी ढंगले हुन गई गुणस्तरी शिक्षामा टेवा पुग्दछ । नीति नियमावली, पाठ्यक्रमका आधारमा शिक्षण सिकाइमा प्रयोग गरिने स्थानीय शैक्षिक सामग्रीको प्रयोग, विकासका लागि शिक्षक दक्ष हुनुपर्छ । त्यसका लागी निश्चित आधारहरू पार गरी शिक्षण पेशामा प्रवेश गर्ने प्रक्रियाहरू छन् । ती प्रक्रिया अनुरूप प्रवेश गरेका शिक्षकहरूबाट स्थानीय श्रोत साधनको अत्याधिक उपयोग गरी शिक्षण सिकाईमा प्रभावकारी ल्याउनु नै गुणस्तरीय सिकाइ हो ।

# विषयसूची


**सिफारिस पत्र** I

**स्विकृति पत्र** II

**कृतज्ञता ज्ञापन** III

**शोधसार** IV

**विषयसूची** VI

**तालिका सूची** IX

**अध्याय एक**

**परिचय**

१.१ अध्ययनको पृष्ठभूमि १

१.१.१ अध्ययन क्षेत्रको परिचय ६

१.२ समस्याको कथन ७

१.३ अध्ययनको औचित्य/महत्त्व ८

१.४ अध्ययनको उद्देश्य ९

१.५ अध्ययनको सीमा ९

१.६ परिभाषिक शब्दावली १०

**अध्याय दुई**

**सम्बन्धित साहित्यको पुनरावलोकन**

२.१ सैद्धान्तिक साहित्यको समीक्षा ११

२.२ नीतिगत साहित्यको समीक्षा १३

२.३ सम्बन्धित साहित्यहरूको पुनरावलोकन १४

२.४ अवधारणात्मक ढाँचा १६

**अध्याय तीन**

**अध्ययन विधि**

३.१ अनुसन्धान ढाँचा १७

३.२ नमूना जनसंख्या छनोट विधि १७

३.३ क्षेत्र छनोट १७

३.३.१ विद्यालय छनोट १८

३.३.२ शिक्षक छनोट १८

| | | |
|---|---|---|
| | ३.३.३ विद्यार्थी छनोट | १८ |
| ३.४ | सूचनाका सङ्कलनका साधनहरू | १८ |
| | ३.४.१ अन्तर्वार्ता प्रश्नावली | १८ |
| | ३.४.२ लक्षित समूह छलफल निर्देशिका | १८ |
| | ३.४.३ खुल्ला प्रश्नावली | १८ |
| | ३.४.४ अवलोकन फाराम | १९ |
| ३.५ | साधनको वैधता | १९ |
| ३.६ | सूचना संकलन प्रक्रिया | १९ |


**अध्याय चार**

**सूचनाको विश्लेषण र व्याख्या**

| | | |
|---|---|---|
| ४.१ | स्थानीय शैक्षिक सामग्री प्रयोगको बारेमा सरोकारवालाको धारणा | २० |
| | ४.१.१ स्थानीय शैक्षिक सामग्रीका प्रकार र तिनको प्रयोग | २२ |
| | (क) वातावरणमा पाइने प्राकृतिक स्थानीय शैक्षिक सामग्री | २२ |
| | (ख) वातावरणमा पाइने मानव निर्मित स्थानीय शैक्षिक सामग्री प्रयोगको अवस्था | २५ |
| | (ग) मानव सोतहरू | २७ |
| | (घ) शिक्षक विद्यार्थीको संयुक्त प्रयासमा निर्मित स्थानीय शैक्षिक सामग्री | २८ |
| ४.२ | स्थानीय शैक्षिक सामग्री निर्माण प्रयोगमा देखिएका समस्याहरू | २९ |
| | ४.२.१ स्थानीय शैक्षिक सामग्री निर्माण सम्बन्धी आवश्यक तालिमको अभाव | ३० |
| | ४.२.२ स्थानीय शैक्षिक सामग्रीको निर्माण र प्रयोगमा शिक्षकको योग्यता र दक्षताको अभाव | ३१ |
| | ४.२.३ विद्यालयले शैक्षिक सामग्रीको निर्माण र व्यवस्थापनमा कमजोरी | ३३ |
| | ४.२.४ शिक्षकमा पाठ्यक्रमसम्बन्धी ज्ञानको अभाव | ३४ |
| ४.३ | प्राथमिक तहको सामाजिक अध्ययन विषयको शिक्षणमा स्थानीय शैक्षिक सामग्री प्रयोगमा देखिएका समस्या समाधानमा अपनाइएका उपायहरू | ३४ |
| | ४.३.१ आवश्यक तालिमको अभावका अपनाएका समाधानका उपायहरू | ३५ |
| | ४.३.२ विद्यालयले शैक्षिक सामग्रीको निर्माण र व्यवस्थापनको समस्यामा अपनाएका समाधानका उपायहरू | ३५ |
| | ४.३.३ योग्यता र दक्षतासम्बन्धी समस्या समाधानमा अपनाएका उपायहरू | ३५ |
| | ४.३.४ शिक्षकमा पाठ्यक्रम सम्बन्धी ज्ञानको अभावमा अपनाएका उपायहरू | ३५ |

**अध्याय पाँच**

**प्राप्ति, निष्कर्ष र सुझाव**

५.१ प्राप्ति ३६

५.१.१ सरोकारवालाको धारणा ३६

५.१.२. स्थानीय शैक्षिक सामग्री प्रयोगको अवस्था ३६

५.१.३ स्थानीय शैक्षिक सामग्री प्रयोग सम्बनधी समस्याहरू ३८

५.१.४ स्थानीय शैक्षिक सामग्री प्रयोगमा देखिएका समस्याहरू समाधानमा अपनाइएका उपायहरू ३८

५.२ निष्कर्ष ३८

५.३ सुझावहरू ३८

**सन्दर्भसूची**

**अनुसूचीहरू**

## तालिकासूची


| | | | |
|---|---|---|---|
| ४.१ | : | स्थानीय शैक्षिक सामग्री प्रयोगको अवस्था बारेमा सरोकारवालाको धारणा | २१ |
| ४.२ | : | वातावरणमा पाइने प्राकृतिक स्थानीय शैक्षिक सामग्री | २४ |
| ४.३ | : | मानव निर्मित स्थानीय शैक्षिक सामग्री | २६ |
| ४.४ | : | स्थानीय शैक्षिक सामग्रीको रूपमा मानव स्रोत | २७ |
| ४.५ | : | शिक्षक विद्यार्थीको संयुक्त प्रयासमा निर्मित स्थानीय शैक्षिक सामग्रीहरू | २९ |
| ४.६ | : | आवश्यक तालिमको अभाव | ३० |
| ४.७ | : | स्थानीय शैक्षिक सामग्री प्रयोगमा देखिएका योग्यता र दक्षता सम्बन्धी समस्या | ३२ |
| ४.८ | : | विद्यालयको शैक्षिक सामग्रीको निर्माण र व्यवस्थापनमा कमजोरी | ३३ |
| ४.९ | : | शिक्षकमा पाठ्यक्रमसम्बन्धी ज्ञानको अभाव | ३४ |